३३ बर्षदेखिको गौरवमय इतिहास बोकेको नेपालकै पहिलो अग्रणी जीवन बिमा कम्पनी
नेशनल लाइफ इन्स्योरेन्समा
जीवन विमा गरि भविष्य सुनिश्चित गर्नुहोस्
राष्ट्रिय वाणिज्य वैंकको लगानी रहेको यस कम्पनीमा आवद्ध भई ६४ देखि ८५सम्म (सावधिकमा) बोनस प्राप्त गर्न सकिने भएकाले ढिला नगर्नुहोस् ।
नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड
NATIONAL LIFE INSURANCE COMPANY LIMITED
शुक्लागण्डकीका लागि सम्पर्क : विजनेस म्यानेजरको कार्यालय दुलेगौंडा
प्रभु वैंकको ठिकपारि ह्वाइट हाउस पार्टी प्यालेससँगै
फोन : ०६५४१४४५५ मो. ९८५६०२२१९३

‘सकारात्मक परिवर्तनका लागि स्वतन्त्र पत्रकारिता’
शुक्लागण्डकी मिडिया प्रा.लि. द्वारा प्रकाशित

# तनहुँ खबर

राष्ट्रिय दैनिक

Tanahun Khabar National Daily

● वर्ष ५ ● अंक ८३ ● वि.सं. २०७७ चैत १० गते मंगलबार, दशमी ई.सं. २३ मार्च २०२१ ● ने.सं. ११४१ ● पृष्ठ ४ ● मुल्य रु. ५

प्रो. भक्त कुमार रामदाम मो. ९८४६०७८०२२, ०६५-४१२१६०
तपाईको एकमात्र विश्वासको प्रतीक
रामदाम सुन चाँदी पसल
शुक्लागण्डकी-६, खैरेनीटार, तनहुँ
वडा कार्यालय (पुरानो गाविस) भवन अगाडी

यहाँ आधुनीक डिजाईनका आकर्षक गहनाहरु पाईनुका साथै, अर्डर अनुसार तयार गरिन्छ । साथै राशि र ग्रह अनुसारका पत्थरहरु चाहिएमा हामिलाई सम्झनुहोस ।

## शुक्लागण्डकीमा मेयर कप प्रतियोगिता हुने, पुरस्कार १ लाख ५० हजार




**तनहुँ खबर संवाददाता**

**चैत्र ९ दुलेगौडा ।**

खेल क्षेत्रका विकास गर्न तनहुँको शुक्लागण्डकी नगरपालिकामा मेयर कप भलिबल प्रतियोगिता आयोजना हुने भएको छ । नगरपालिकाले सोमबार पत्रकार सम्मेलन गरि प्रतियोगिताबारेमा जानकारी दिएको छ । पत्रकार सम्मेलनमा आयोजक नगरपालिकाले खेलकुदका गतिविधी विस्तार गरि दक्ष खेलाडी उत्पादन गर्न प्रतियोगिता आयोजना गरिएको जनाएको छ ।

आगामी १३ गतेदेखि सुरू हुने प्रतियोगितामा गण्डकी प्रदेश अन्तर्गत रहेका पालिकाहरूले सहभागिता जनाउन सक्ने आयोजक नगरपालिकाले जनाएको छ । प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय पुरस्कार क्रमश : एक लाख ५० हजार, एक लाख र ५० हजारको साथमा शिल्ड मेडल र प्रमाण पत्र रहेको छ भने सान्त्वना स्थापन प्रापत गर्ने समुहलाई नगद २५ हजार सहित पुरस्कृत गरिनेछ ।

प्रतियोगिताको तयारी तीव्र पारिएको जनाउदै खेल संयोजक समेत रहेका वडा न ५ का वडाध्यक्ष दिर्घबहादुर थापाले विधागत रूपमा उत्कृष्ट खेल कौशल प्रस्तुत गर्ने खेलाडीहरूलाई नगद सहित पुरस्कृत गरिने जानकारी दिए । उनले प्रतियोगिता उत्कृष्ट खेलाडीलाई नगद १० तथा उत्कृष्ट स्पाइकर, ब्लकर,सर्वर डिफेन्डर लगायलाई जनही पाँच हजार सहित सम्मान गरिने छ ।

नगरपालिकाका मेयर किसान गुरूङ्ले तनहुँका खेलाडीहरू अन्यत्र गएर राम्रो खेल कौशल प्रस्तुत गर्ने नगरेको जनाउदै खेलाडीहरूको हौसला र खेल क्षेत्रका विकासका लागि पहिलो पटक प्रतियोगिता आयोजना गर्ने तयारी भएको बताए । गत बर्ष नै मेयर कप आयोजना गर्ने तयारी भए पनि कोरोना महामारीका कारण स्थगित भएको गुरूङ्ले बताए ।

कार्यक्रममा उपमेयर सविता रसाइलीले उपमेयर सविता रसाईलीले युवा शक्तिहरूलाई खेल क्षेत्रमा समेट्ने उदेश्यले प्रतियोगिता आयोजना गरिएको बताईन् । उनले तनहुँका १० वटै पालिकाबाट अनिवार्य सहभागिता गराइने उल्लेख गरिन् ।

वडा न ८ स्थित गाउँफर्कोदय माध्यामिक विद्यालयको खेलकुद मैदानमा हुने प्रतियोगिता चैत्र १५ गतेसम्म सञ्चालन हुनेछ ।

## परम्परागत घुमाउने घर हराउदै



**तनहुँ खबर संवाददाता**

**चैत्र ८ चैत्र ।**

ग्रामिण क्षेत्रबाट शहर केन्द्रित हुने परिपाटीले अहिले गाउँघरमा परम्परागत शैलीमा बन्ने घरहरू खण्डहर बन्न थालेका छन् । तनहुँका सिमित स्थानहरूमा मात्र रहेका गुमाउने घर पछिल्ला दिनहरूमा संरक्षणको अभावमा लोपको संघारमा छ ।

आधुनिक संरचना भित्रिएसँगै परम्परागत घुमाउने घर लोप हुन थालेका हुन् । परम्परागत गोल घर लोप हुँदै गएपछि जिल्लाका पर्यटकीय गाउँमा भने संरक्षण गरिएको छ ।

पर्यटकीय आकर्षणका लागि व्यास नगरपालिका–१० दुम्सी, दरै गाउँ र आँबुखैरेनी गाउँपालिकाको हिलीखर्क गाउँमा एक/एक बाटुले घर संरक्षण गरिएको छ । घुमाउने घर न्याट्टफूट्ट मात्रै देखिएको र हालका पुस्तालाई आधुनिक घर प्रति रूचि धेरै भएकाले संरक्षण गर्न कठिन भएको आदिवासी जनजाति महासङ्घ जिल्ला समन्वय परिषद तनहुँकी अध्यक्ष बसुन्धरा घर्तिले जानकारी दिइन् । केही समय पहिले सम्म बाटुले घरमा दरै, कुमाल लगायत अन्य केही जातिहरूहरू बस्दै आएकोमा हाल उनिहरू पनि बस्न छाडेको अध्यक्ष बसुन्धरा बताउँछिन् । दरै जाति केवल बाटुले घरमा मात्रै बस्ने गरेकोले उनिहरूको विशेष पहिचान भएको र हाल उनिहरूले पनि प्रयोग गर्न छाडेकाले लोपको संघारमा पुगेको उनी बताउँछिन् । "नयाँ पुस्तालाई जानकारी दिनको लागि मेला महोत्सवमा नमुना घुमाउने घर बनाएर पर्दशनी गर्ने गरिएको छ " अध्यक्ष वसुन्धराले भनिन् ।

आधुनिक शैली भित्रिएसँगै पुरानो शैलीका संरचना भत्काउँदै गर्दा परम्परागत घुमाउने घर लोप हुने अवस्थामा पुगेको भादगाउँ दरै समाजको कोषाध्यक्ष वीरबहादुर दरैले बताए । घुमाउने घर वातावरण मैत्री र वास्तुशास्त्र अनुकुलको भएकोले संरक्षण गरिनु पर्ने दरैले बताए ।

पूर्व र पश्चिम घरको धुरी हुने भएकोले उदाउँदा र अस्ताउँदा पनि सूर्यको किरण घरमा पर्ने, घरको छानो र रातो माटोले लितपोत गरिएकोले गर्मीमा शितल जाडोमा न्यानो हुने विशेषता भएको दरै सुनाए । दरैका अनुसार दरै समुदायको घुमाउने घरमा माथिल्लो तलामा अन्नपात राख्ने त्यसको मूनि चार वटा कोठा हुन्छ । पूर्व र उत्तरतिर दुई वटा ढोका हुने भएको वास्तुशास्त्र अनुसारमा उपयुक्त भएको दरै बताउँछन् । खाना पकाउने एक, दुईवटा सुत्ने, धान, मकै, कोदो कुटानी पिसानीको ढिकीर कोठा हुने दरैले जानकारी दिए ।

घुमाउने घरको विशेषता बारे जान्न केही समय पहिला अमेरिकी नागरिकहरू भादगाउँमा आएको उहाँले स्मरण गरे । " पहिला भादगाउँस्थित दरै वस्तीमा सबै गोलो घर थिए अहिले एउटा पनि छैन कसैले बनाउँदैनन्, पुरानो

**बाँकी तेस्रो पृष्ठमा..................**

## स्थानीय पाठ्यक्रम निर्माणार्थ छलफल

**तनहुँ खबर संबाददता**

**चैत ९, बन्दीपुर ।**

तनहुँको बन्दीपुर गाउँपालिका स्थानीय पाठ्यक्रम निर्माणका लागि प्राराम्भिक छलफलमा सम्पन्न गरेको छ । गाउँपालिकाको पहिचान हुने गरी स्थानीय पाठ्यकम निर्माण गरेर आगामी शैक्षिक सत्र २०७८ मा लागू गर्ने गरी पाठ्यकम बनाउन लागिएको हो ।

बन्दिपुर गाउँपालिकाले गाउँपालिका भित्र रहेका ऐतिहासिक,धार्मिक पर्यटकीय स्थलइतिहास, भूगोल, सामाजिक, साँस्कृतिक, सबै जातजाति,भाषाभाषी, धर्म संस्कृतिलाई समेटेर पाठ्यत्रम बनाउन लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले बताए ।

पाठ्यत्रम निर्माण समितिमा गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाको संयोजकत्वमा नौ सदस्यीय समिति गठन गरिएको छ ।

त्यसैगरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीको संयोजकत्वमा नौ सदस्यीय मस्यौदा निर्माण समिति गठन गरिएको छ । उक्त समितिमा शैक्षिक क्षेत्रका बिज्ञ तथा र समाजसेवी सदस्य रहेका छन् । कक्षा १ देखि कक्षा ८ सम्मको आधारभूत विद्यालयहरूमा उक्त पाठ्यकम राखिने छ । पुस्तको नाउँ अहिलेलाई स्थानीय पाठ्यकम भनेर राखिएपनि पछि यसको नाउँ अकै राखिने छ ।

गाउँपालिकाबासीको भावनाको अपनत्व गरी सबैको सुझाव तथा सल्लाह लिएर पाठ्यकम बनाउन लागिएको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले बताए ।

प्रो. केशर ब. तिम्सेना मो. ९८५६०००७७८,९८१४१११७८ ०६५-४१४३६६
तिम्सेना फ्रेस हाउस
शुक्लागण्डकी-४, दुलेगौंडा, तनहुँ
पञ्चमुनी स्कुल अगाडि

खसी र कुखुराको मासु तथा विवाह, व्रतबन्ध, पास्नी, पिकनिक, पार्टी, भोजभतेरको लागी आवश्यक मासु पाईनुका साथै जिउँदो खसि बोका, पुजाको लागी चाहिने बोका र लोकल कुखुराहरु पनि पाईन्छ ।

प्रो. भोज बहादुर सुनार सम्पर्क: ।९८०५८३५५५७,९८०६६१५८९९
ॐ प्रोसन आभूषण सुनचाँदी पसल
शुक्लागण्डकी-४, दुलेगौंडा, भित्रीबजार

यहाँ सम्पूर्ण डिजाइनका गरगहना पाइनुका साथै साटफेर गर्ने व्यवस्था रहेको छ । राशी अनुसारको पत्थर चाहिएमा समेत सम्झनुहोस् ।

प्रो. रामु विश्वकर्मा ९८१७११६०६० ९८०६७२५२२९
स्याङ्गजा
प्रो. राजु विश्वकर्मा ९८१४१३३२२२ ९८०८७६५१४२
धनलक्ष्मी सुन चाँदी पसल
शुक्लागण्डकी-४, दुलेगौंडा, बसपार्कको ठिक पारि
हाम्रो शाखा पसल दुलेगौंडा बन्केवा चोकबाट पनि सेवा लिन सक्नुहुनेछ ।

यहाँ सम्पुर्ण डिजाईनका गरगहना पाईनुका साथै खरिद तथा साटफेर पनि गरिन्छ ।




# सम्पादकीय

## ओरालो लागेको रेमिट्यान्स

देशमा बाहिरी देशबाट आउने रेमिट्यान्स क्रमशः घट्दै गैरहेको विभिन्न तथ्याङ्कहरुले देखाएका छन् । यस आर्थिक वर्षको सात महिनामा रेमिट्यान्समार्फत करिब ५ खर्ब ७० अर्ब रूपैयाँ रेमिट्यान्सका रुपमा देशमा भित्रिएको देखिन्छ । तर, वार्षिकरुपमा रेमिट्यान्सको अनुपात बढ्दै गएको देखिए पनि पुस महिनाको अनुपातमा ८ प्रतिशतभन्दा बढीले माघमा रेमिट्यान्स घट्न पुगेको पछिल्लो तथ्याङ्कले देशको अर्थतन्त्रमा नै कतै कुप्रभाव त पर्ने होइन ? भन्ने आशङ्कालाई बल पुगेको छ । रेमिट्यान्स क्रमशः ऋणात्मकरुपमा ओरालो लाग्दै गएको तथ्याङ्कलाई आधार मान्ने हो भने त्यसले देशमा आर्थिक मन्दीलाई समेत निम्त्याउन सक्ने खतरा छ । रेमिट्यान्सकै भरमा देश जिउँदो रहेको भन्ने अवधारणा विद्यमान रहेको हालको अवस्थामा आगामी दिनमा त्यसमा सुधार नआउने स्थिति बन्यो भने देशको अर्थतन्त्रमा त्यसले पारेको प्रत्युपादक असर गम्भीर हुनेछ ।

कोभिड महामारीको उच्च खतरा रहेको अवस्थामा पनि नघटेको रेमिट्यान्स हाल घट्दै गैरहेको आधारलाई मूल्याङ्कन गर्दा त्यसले विभिन्न सवालहरु समेत खडा गरिरहेको पाइन्छ । नेपालमा रेमिट्यान्स आउने प्रमुख राष्ट्रहरु कोभिडबाट प्रभावित रहँदासमेत घट्न नसकेको रेमिट्यान्स एक्कासि किन घट्न पुग्यो ? भन्ने प्रश्नका बारेमा विभिन्न प्रकारका अनुमानहरु गर्न नसकिने होइन । विश्वभर करिब ६० लाखभन्दा बढी नेपालीहरु विदेशी धर्तीमा काम गरेको तथ्याङ्क छ, तर हालको विषम परिस्थितिमा कयौं कामदारहरु स्वदेशमै रहेको अवस्थाले पनि रेमिट्यान्स घट्दै गएको अनुमान गर्न गाह्रो पनि छैन । कतिपय कामदारहरुको श्रम अनुमतिपत्रको म्याद सकिएपछि ती नफर्किएर यथास्थानमै बेरोजगार अवस्थामा रहेको स्थितिका कारण पनि रेमिट्यान्सलाई प्रभावित बनाइरहेको छ भन्दा अन्यथा हुँदैन । हाल अवैध हुन्डीको कारोबार फैलिँदो र फुल्दो रहेको अवस्थाले समेत रेमिट्यान्सलाई बढ्दो मात्रामा प्रभाव पार्न पुगेको कुरामा शङ्का गर्नुपर्दैन ।

कोरोना–१९ का कारण विगत एक वर्षदेखि विश्व नै हाल चर्को आर्थिक मन्दीबाट गुज्रिन पुगेको छ । आर्थिक मन्दीको मारमा ससाना मुलुकहरु त परेका नै छन् अझ अमेरिका, बेलायत, चीनजस्ता महाशक्तिशाली राष्ट्रहरु पनि त्यसबाट बच्न सकेका छैनन् । आर्थिक मारबाट बच्नसमेत नेपालजस्तो मुलुकका लागि त रेमिट्यान्स नै भरपर्दो र विश्वसनीय स्रोत रहँदै आएकोमा अब झन् त्यसको ऋणात्मक नतिजाले विकास निर्माणका कामहरुमा समेत सक्दो कुप्रभाव पर्ने अवस्था आउन सक्ने अवस्थालाई नजरअन्दाज गर्न पनि सकिँदैन । विभिन्न देशहरुले विदेशी कामदारहरु घटाउँदै जाने भन्ने निर्णयका कारण पनि रेमिट्यान्स थप सङ्कुचित बन्न खतरा बढ्दो छ । हालको रेमिट्यान्सको अवस्था प्रतिकूल रहेको हुनाले सरकार अब दबाबको अवस्थासमेत भोग्न बाध्य हुनेछ, किनकि देशमा रोजगारीका अवसरहरु दुर्लभ रहेको हुँदा सरकार बढीभन्दा बढी कामदारहरुलाई विदेशमा पठाउन चाहन्छ, जुन सोच गलत हो । अब क्रमशः रेमिट्यान्सको मात्रै भर नपरी स्वदेशमै रोजगारीका अवसरहरु सिर्जना गर्दै जानुपर्छ र आर्थिक कारोबारहरुलाई पारदर्शीरुपमा बढवा दिनुपर्छ, ताकि विदेशमा रहेका नेपालीहरु समेत स्वदेशमै आएर काम गर्ने वातावरण तयार हुन सकोस् ।

प्रो.: गोविन्द सिग्देल सम्पर्क नं. : ९८५६०२८५४३, ९८४१७००७८७

सिग्देल अफसेट प्रेस

फेलेक्स प्रिन्ट, पत्रपत्रिका, पुस्तक, कार्यालयका कागजपत्रहरु, छ्याप, भिजिटिङ कार्ड, प्रमाणपत्र, परिचयपत्र, रजिष्टर, मायाको चिनो, ब्याच, स्टिकर/लेवल, विल, भरपाई, पासबुक, ब्रोसर, तमसुक, विवाह कार्ड, निमन्त्रणा पत्र, शिल्ड/मेडल, आदि छाप्नु परेमा/बनाउनु परेमा हामीलाई संझनुहोस् ।

शुक्लागण्डकी-४, दुलेगौंडा, मेनरोड, तनहुँ
(गणपति माइक्रोफाइनान्स सँगै)
E-mail: sigdelpress123@gmail.com
लोडसेडिङ्गको समस्या छैन ।

# भारतमा कोरोना सङ्क्रमण दर बढ्दैछ

## नेपालमा पनि आवश्यक तयारी थालौं



डा. कृष्णप्रसाद पौडेल

**भारतमा नेपाली धेरै रहेका ठाउँमा नै सङ्क्रमण अस्वाभाविक बढेकाले नेपालमा त्यहाँको प्रभाव नपर्ला भन्न सकिन्न ।**




धेरै नेपाली रोजगारीका लागि पुगेका भारतका विभिन्न ठाउँमा अहिले कोरोना सङ्क्रमण अस्वाभाविक रूपमा बढिरहेको छ । नेपालीहरू धेरै रहेका महाराष्ट्र, गुजरात, मध्य प्रदेशलगायत प्रान्तमा सङ्क्रमण ह्वात्तै बढेको छ ।

यसअघि पनि नेपालमा कोरोना सङ्क्रमण बढ्नुमा भारतबाट आएका व्यक्ति प्रमुख कारण बन्ने गरेको थियो । भारतमा नेपाली धेरै रहेका ठाउँमा नै सङ्क्रमण अस्वाभाविक बढेकाले नेपालमा त्यहाँको प्रभाव नपर्ला भन्न सकिन्न । त्यसलाई मध्यनजर गर्दै हामीले विशेष तयारीसहित प्रणालीलाई चुस्त अवस्थामा राख्नुपर्ने भएको छ ।

अहिले भारतका विभिन्न ठाउँमा कोरोना सङ्क्रमण तीव्र गतिमा बढेसँगै लकडाउन घोषणा गरिएको छ । त्यहाँको स्थानीय सरकारले अवस्था हेरेर कर्फ्यु, लकडाउन (बन्दाबन्दी) का कदम अघि बढाएका छन् । अहिले महाराष्ट्रका विभिन्न ठाउँमा निश्चित समयका लागि कर्फ्यु लगाइएको छ । यस्तै मध्य प्रदेशका केही सहरमा पनि पार्सियल (आंशिक) लकडाउन गरिएको छ । नागाल्याण्ड भन्ने ठाउँमा भने पूरै लकडाउन गरिएको छ ।

**नाकामा कडाइ, कोरोनालाई बाईबाई**

यस परिदृश्यमा जुन ठाउँबाट धेरै मात्रामा नेपाल आउँछन् त्यहाँ विशेष निगरानी बढाउनुपर्ने भएको छ । उदाहरणका लागि सुदूर पश्चिमका धेरै व्यक्ति महाराष्ट्रमा बस्छन् । उनीहरू गड्डाचौकी नाका, गौरीफण्टा अथवा जमुनाहा नाका हुँदै नेपाल प्रवेश गर्ने गर्छन् । यस्तै कपिलवस्तुको कृष्णनगर र भैरहवा नाका बढी प्रभावित हुन सक्छन् ।

यी नाकामा हामीले दैनिक तथ्याङ्क सङ्कलन गर्ने काम गरिरहेका छौँ । नाकामा विशेष निगरानी नराख्ने हो भने नेपालमा पनि भारतको जस्तै अवस्था आउँछ भनेर हामी सचेत छौँ र सचेत हुनुपर्छ ।

अहिले हामीले भारतबाट आउनेहरूको फोन नम्बर, ठेगानालगायत परिचय खुल्ने सबै विवरण लिएर राख्ने काम गरेका छौँ । यस्तै कसैलाई लक्षण देखियो भने त्यही ठाउँमा परीक्षणको व्यवस्था मिलाउँदै छौँ । एन्टिजेन टेस्ट गर्न सकियो भने छिटै रिपोर्ट आउने भएकाले त्यसको व्यवस्थापन नाकामै गर्दैछौँ ।

लक्षण भएकालाई कि त क्वरेण्टीनमा राख्नुपर्‍यो, हैन भने परीक्षण चाँहि अनिवार्य गर्नुपर्ने भनेर हामीले नाकामा विशेष तयारी गरिरहेका छौ । अहिले नै हामीले नेपाल आउनेहरूलाई नियन्त्रण गर्न सकियो भने चाँहि नेपालमा त्यो अवस्था आउन नदिन या भनौ व्यवस्थापन गर्न सकिन्छ भन्ने लागेको छ ।

एन्टिजेन टेस्टका लागि किट धेरै ठाउँमा पुर्‍याएका छौँ

एन्टिजेन टेस्टमार्फत परीक्षण गर्दा अलि छिटो हुने भएकाले हामीले यो विषय अलि धैरै प्राथमिकतामा राखेका छाँ ।विभिन्न सम्भावित ठाउँमा हामीले एन्टिजेन टेस्टका किट पुर्‍याएका पनि छौँ । एन्टिजेन टेस्ट गर्दा अवस्था चाँडै पत्ता लाग्ने भएकाले यसलाई सीमा नाका र सम्भावित क्षेत्रमा तत्काल बढाउनुपर्ने देखिएको छ ।

कतै लक्षण देखियो भने यो विधिमार्फत छिट्टै अवस्था थाहा पाउन सकिन्छ । अहिलेसम्म हाम्रोमा त्यस्तो अवस्था आइसकेको छैन । तर विगतको अनुभवलाई हेर्ने हो भने भारतमा सङ्क्रमण बढेको दुईदेखि तीन हप्ताभित्र नेपालमा अवस्था त्यस्तै हुने देखिन्छ ।

नेपाल फर्कनेको सङ्ख्या बढ्यो भने नेपालमा पनि त्यसको प्रभाव स्वाभाविक रूपमै पर्छ । परीक्षण गरेर अवस्था पत्ता लगाउन ढिलो गर्नुहुन्न । अहिलेदेखि नै निगरानी नगर्ने हो भने भारतका विभिन्न राज्यमा जस्तै नेपालमा पनि सङ्क्रमण नफैलिएला भन्न सकिन्न ।

**नेपालमा कोरोनाको आन्तरिक जोखिमसँगै बाह्य जोखिम पनि**

आयातित भएर कोरोनाका केस आउने कुरा त भारतमै निर्भर रहने भयो । तर त्यो बाहेक नेपालमा पनि जोखिम पहिलेदेखि नै कायमै छ । अहिले पनि परीक्षण गरेकामध्ये दुईदेखि तीन प्रतिशत व्यक्तिमा पोजेटिभ आउने क्रम छ ।

आन्तरिक जोखिम कायमै रहँदा बाह्य जोखिम पनि थपिएकाले भारतबाट आउने नागरिकलाई विशेष निगरानी गर्नुपर्ने देखिएको छ । विशेष गरेर सीमा नाकामा तत्काल निगरानी नबढाउने हो भने नेपालमा आन्तरिक जोखिमसँगै बाह्य जोखिम अथवा भारतको प्रभाव पर्ने देखिन्छ ।

**जन स्वास्थ्यका मापदण्ड पालन गर्न नछाडौं**

हामी धेरैले जनस्वास्थ्यका मापदण्ड पालन गर्न छाडिसकेका छौँ । कोरोनालाई एकदमै सामान्य हिसाबले हेर्न थालेका छौँ । तर छिमेकमा सङ्क्रमण दर बढिरहेकाले नेपालमा पनि फेरि एकपटक जनस्वास्थ्यका मापदण्ड पालना गर्ने कुरामा कडाइ गर्नुपर्ने देखिन्छ ।

कोरोना महामारी सकिएको जसरी मानिसहरू हिंड्न थालेका छन् तर मानिसहरूले महामारी अझै सकिएको छैन भनेर बुझ्नुपर्ने हुन्छ । भारतमा सङ्क्रमण बढ्दै गर्दा हाम्रोमा पनि त्यही अवस्था आउने या हुन सक्ने हुन सक्छ । यसबारे सबैलाई सचेत गराउनुपने देखिन्छ ।

# आजको राशिफल : २०७७ साल चैत १० गते मंगलबार, दशमी

**मेष**
व्यापार-व्यवसायमा लाभ हुनेछ । व्यावसाय विस्तारका लागि यात्रा गर्ने अवसर जुट्नेछ । मान र विद्या प्राप्त हुने समय छ। विशेष उपहार प्राप्त हुनुका साथै प्रशस्त धनलाभ हुनेछ ।

**बृष**
न्यून उपलब्धिका लागि निकै मिहिनेत गर्नुपर्ने समय छ । नयाँ काममा हात हाल्न केही समय पर्खनुहोला । स्वास्थ्यमा कमजोरी एवं काममा अवरोध आउनाले मन खिन्न रहनेछ ।

**मिथुन**
काममा सफलता पाउन केही प्रतिस्पर्धा गर्नुपर्ने समय छ । शत्रुहरूको चलखेल बढ्नाले चुनौती समेत सामना गर्नपर्ला । नयाँ काममा हात हाल्ने समय आएको छ ।

**कर्कट**
लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ । चिताएका काम बिस्तारै भए पनि सम्पादन हुनेछन् । मिठो बोलीको माध्यमले धेरैलाई मन्त्रमुग्ध बनाउन सकिनेछ । व्यवसायमा लगानी बढाउने मौका जुर्न सक्छ ।

**सिंह**
पढाइलेखाइमा सामान्य प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ । सन्तान वा सहयोगीका माध्यमबाट काम बन्नेछ । लामो यात्रा गर्ने अवसर जुट्न सक्छ । व्यापारमा नसोचेको फाइदा उठ्ने देखिन्छ ।

**कन्या**
भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुन सक्छ । व्यवसायमा आम्दानी बढ्ने देखिन्छ । श्रमको उचित मूल्य पाइनुका साथै आम्दानी पनि बढ्नेछ ।

**तुला**
भौतिक साधन जुट्नेछ भने आम्दानी बढाउने काम सुरू गर्न सकिनेछ । आयआर्जन राम्रै हुनेछ । विभिन्न अवसर प्राप्त भए पनि अरूको मुख ताक्ने बानीले काममा धोका हुन सक्छ ।

**वृश्चिक**
आफ्नो प्रतिभाको कदर हुनेछ । बौद्धिक प्रतिस्पर्धामा पनि अरूलाई उछिन्न सकिनेछ । दिगो आम्दानी हुने काम सुरू गर्ने मौका छ । प्रतिष्ठित काम गरेर धेरैको स्याबासी प्राप्त गर्न सकिनेछ ।

**धनु**
अरूको भर पर्दा धोका हुन सक्छ । परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । मान्यजनसँग असमझदारी बढ्न सक्छ । पहिलेको उपलब्धिले अध्ययनमा उत्साह जगाउनेछ ।

**मकर**
हठ गर्ने बानीले समस्या निम्त्याउन सक्छ । अरूको सुझावमा भर नपर्नुहोला । कसैसंग सामान्य मनमुटाव पनि पर्न सक्छ । केही अवसर जुटे पनि परिस्थिति अलि संघर्षमय रहला । नयाँ ज्ञान प्राप्त हुने योग छ ।

**कुम्भ**
महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नु नै बेस होला । परिवारजनको सहयोग लिँदा राम्रो हुनेछ । सामान्य कामबाट पनि राम्रो लाभ उठाउन सकिनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ ।

**मीन**
कामबाट फुर्सदिदलो भइनेछ भने अतिथिका रूपमा सत्कार समेत पाइने सम्भावना छ । प्रयत्न गर्दा घरेलु काममा फाइदा पुग्ने समय छ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला । यात्राको पनि योग रहेको छ ।

# शिक्षक कल्याणकारी कोषद्वारा तीन लाख ९२ हजार राहत बितरण



**तनहुँ खबर संबाददाता**

**चैत ९, दमौली ।** शिक्षक कल्याणकारी कोष तनहुँले दिवगत एवं उपचारत शिक्षकका परिवार लाई राहत रकम बितरण गरेको छ । छ जना मृतक र तीन जना उपचारमा रहे का शिक्षकका परिवारलाई रू.तीन लाख ९२ हजार राहत रकम वितरण गरेको हो ।

जनगणपती माविका प्रधानाध्यापक अमृत थापालाई उपचारार्थ रू.५२ हजार, पन्चमुनिदेव माविका शिक्षक रामकुमारी श्रेष्ठलाई रू.५२ हजार,शुक्र आधारभूत विद्यालयका मृतक शिक्षक वासुदेव मिश्रको परिवारलाई रू.५२ हजार राहत रकम हस्तान्तरण गरिएको छ ।

त्यसैगरी,चन्द्र बहादुर गुरुङको परिवार लाई रू.५२ हजार,मृतक चन्डिका अधारभूत विद्यालयका शिक्षक मान सिंह थापाको परिवारलाई रू.५२ हजार, दिवगत शिक्षक बिनोद शर्मा वाग्लेको परिवारलाई रू.५२ हजार,मृतक अरूण माविका शिक्षक सन्त बहदुर गुरुङको परिवारलाइ रू.५२ हजार आर्थिक सहयोग गरिएको छ ।

त्यसैगरी किया खर्चलाई सहयोग होस भनि निर्मल माविका शिक्षक बिष्णुमाया ने पालीलाइ रू.पन्ध्र हजार र मीन माविकी कार्यालय सहयोगी सोमनारायण श्रेष्ठको परिवारलाई रू.तेह्र हजार सहयोग गरिएको शिक्षक संघ तनहुका अध्यक्ष कमलभक्त पो खरेलले जानकारी दिए । जिल्ला शिक्षा समिति तनहुँका अध्यक्ष एवम जिल्ला विकास समन्वय समितिका प्रमुख शान्तिर मण वाग्लेले मृतक तथा उपचारत शिक्षक परिवारलाई उत्त रकम बराबरको चेक हस्तान्तरण गरेका थिए ।

उक्त कार्यक्रममा शिक्षा विकास एवम समन्वय इकाइका निमित्त प्रमुख विश्व रेग्मी,नेपाल शिक्षक महासंघ तनहुँका अध्यक्ष राम चन्द्र पोखरेल, एकीकृत अखिल नेपाल शिक्षक संगठन तनहुँका अध्यक्ष राजेन्द्र पौडेल, नेपाल राष्ट्रिय शिक्षक संगठनका कोषाध्यक्ष रामभक्त रानाभाट, नेपाल शिक्षक संघ, म्याग्देका अध्यक्ष अशोक चन्द्र वाग्ले र नेपाल शिक्षक महासंघका अध्यक्ष राम चन्द्र पोखरेल लगायतको सहभागिता रहे को थियो ।

# लायसद्वारा ८७ युनिट रगत सङ्कलन



**तनहुँ खबर संबददाता**

**चैत ९, दुलेगौडा ।** लायन्स क्लब अफ शुक्लागण्डकीद्वारा खैरेनीटार हेल्थपोष्टमा खुल्ला रक्तदान कार्यक्रम सम्पन्न भएको छ । नेपाल रेडक्रस सोसाईटी, कास्की, क्षेत्रीय रक्त सञ्चार सेवा पोखराको प्राविधिक सहयो गमा सम्पन्न रक्तदान कार्यक्रममा ८७ युनिटको रगत संकलन भएको छ ।

"रक्तदान, जीवन दान" भन्ने मुल आशयका साथ अस्पतालमा हुने रगतको अभावलाई केहि हदसम्म कम गर्ने उद्दे श्यले रक्तदान कार्यक्रम संञ्चालन गरि एको लायन्स क्लब अफ शुक्लागण्डकी अध्यक्ष मिनबहादुर लामिछाने (बरदान) ले बताए । हामीले दिएको रगतले कसै को ज्यान बच्ने हुन्छ भने कहिल्यै पनि पछि हट्न नहुँने अध्यक्ष लामिछानेले बताए ।

लामिछानेको सभापतित्वमा सम्पन्न रक्तदान कार्यक्रममा प्रमुख अतिथि फस्ट भाईस डिस्ट्रिक गर्भनर विश्वे श्वराज आचार्य, डिपाट्मेन्ट चिफ बालकृष्ण शर्मा, डिस्ट्रिक चेयर पर्सन बुद्धिबहादुर थापा र सुजित हिराचन, डिस्ट्रिक एडभाईजर सन्तोस घिमिरे, जि.एम.टि कोडिनेटर मोतिप्रसाद पौडे ल, वरिष्ट प्राविधिक महेन्द्र केसी, जो न चेयर पर्सन प्रदिप थापा, वडा नं. ८ का वडाध्यक्ष कृष्ण रेग्मी लगायतले शुभकामना मन्तव्य दिएका थिए ।

साथै कार्यक्रममा डिस्ट्रिक एओ जि तिर्थराज खनाल स्वागत मन्तव्य राखेका थिए भने संस्थाका सचिव खुमबहादुर राईले कार्यक्रमको संञ्चालन गरेका थिए ।

# तनहुँ जलविद्युतको बाँध निर्माणका लागि ठेक्का सम्फौतामा हस्ताक्षर

**सानेबहादुर नेपाली/तनहुँ खबर**

**चैत ९, दमौली ।** जिल्लाको ऋषिङगाउँपालिका-१ झापुटार मा निर्माणाधीन १४० मेगावाट जडित क्षमताको तनहुँ जलविद्युत आयोजनाको नदी फर्काउने, बाँध लगायतका पहिलो प्याकेजका संरचना निर्माण कार्यका लागि सोमबार खरिद सम्फौता भएको छ ।

पहिलो प्याकेजका निर्माण कार्यका लागि न्यूनतम मूल्याप्रति तथा सारभूत रुपमा प्रभावग्राही सोङ् दा कर्पोरेसन, भियतनाम-कालिका कन्स्ट्रक्सन (प्र.) लि. नेपाल जे.भी.बीच खरिद सम्फौतामा हस्ताक्षर भएको हो ।

सम्फौतामा आयोजनाको प्रवर्द्धक कम्पनी तनहुँ हाइड्रोपावर लिमिटेडकातर्फबाट प्रबन्ध-सञ्चालक प्रदीप कुमार थिके र सोङ् दा-कालिका जे.भी.कातर्फबाट आधिकारिक प्रतिनिधि बिक्रम पाण्डेले हस्ताक्षर गर्नु भएको छ ।

कम्पनीसँग १६ अर्ब ६२ करोड रुपैयाँ (प्रोभिजनल सम र मूल्य अभिबृद्धि करबाहे क)मा खरिद सम्फौता भएको हो । ठेकेदार कम्पनीले खरिद सम्फौता कार्यान्वयनमा आएको ५७ महिनाभित्र निर्माण कार्य सम्पन्न गर्नु पर्ने व्यवस्था गरिएको प्रवन्ध-सञ्चालक थिकेले बताउनुभयो ।

आयोजनाको प्याकेज १ (हेडवर्क्स) निर्माण कार्यको लागि निर्माण कम्पनी सिएमसी डि राभेना, इटालीसँग मिति १५ असोज २०७५मा मा सम्पन्न खरिद सम्फौता रद्द भए पश्चात कम्पनीले मिति १२ वैशाख २०७६ मा पुनः बोलपत्र आह्वान गरेको थियो । कम्पनीले उक्त बोलपत्र प्रकृयामा प्राप्त कुनै पनि प्राविधिक बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही हुन नसकेकोले सबै बो लपत्रहरु अस्वीकृत गरी एसियाली विकास बैंकको खरिद निर्देशिका अनुरुप मिति १६ फागुन २०७६मा दोश्रो पटक पुनः बोलपत्र आह्वान गरेको थियो ।

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारी रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारद्वारा जारी गरिएको दे शव्यापी बन्दाबन्दी तथा अन्तर्राष्ट्रिय हवाई उडानमा लागू गरिएको प्रतिबन्धका कारण पटक-पटक बोलपत्र पेश गर्ने म्याद थप गरिएको थियो । अन्ततः तीन वटा अन्त राष्ट्रिय बोलपत्रदाताहरुले बोलपत्र पे श गरेकोमा प्राविधिक बोलपत्रहरूको मूल्याङ्कन

बाँकी अन्तिम पृष्ठमा.......

# १५० जनामा कोरोना सङ्क्रमण ३ जनाको ज्यान गयो

**तनहुँ खबर संबाददाता**

**चैत ९, काठमाण्डौ ।** पछिल्लो २४ घण्टामा नेपालमा एक सय ५० जनामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । ४४ सय ७२ जनाको पीसीआर परीक्षण गर्दा एक सय ५० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको स्वास्थ्य तथा जनसत्या मन्त्रालयले जनाएको छ ।

सोमवार थपिएकासहित नेपालमा अहिलेसम्म दुई लाख ७६ हजार ५६ जनामा कोरोना सङ् क्रमण पुष्टि भएको छ ।

यस्तै गएको २४ घण्टामा ९९ जना निको भएसँगै कोरोना सङ्क्रमणमुक्त हुनेको सत्या दुई लाख ७२ हजार २० पुगेको छ । अहिले नेपालमा एक हजार १७ जना सक्रिय सङ्क्रमित रहेका छन् ।

यस्तै थप तीन जनाको ज्यान गएसँगै कोरोना सङ्क्रमणबाट ज्यान गुमाउनेको सत्या तीन हजार १९ पुगेको छ ।

तनहुँ सेवा हस्पिटल
शुक्लागण्डकी-४, दुलेगौडा, वि.पी. चोक, तनहुँ
Ph: 065- 414377, Email : tsewahospital@gmail.com
डाक्टरहरु
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका वरिष्ठ हाड जोर्नी, मेरुदण्ड तथा नशा दुखाई विशेषज्ञ
डा. बुद्धिराज गुरुङ
प्रत्येक हप्ताको बुधवार ४ बजे र शनिवार १२ बजे
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका पेट, मुटु, छाती, सुगर, थाइराइड रोग विशेषज्ञ डा. कृष्ण राज अधिकारी MBBS Gold Medalist (काठमाण्डौं विश्व विद्यालय), MD Internal Medicine (NAMS Bir Hospital) प्रत्येक बुधबार ३ बजे, प्रत्येक शनिबार ११ बजे
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका छाला, यौन, कुष्ठरोग, एलर्जी तथा सौन्दर्य विशेषज्ञ
डा. जेम महर्जन
प्रत्येक शनिबार विहान ११ बजे
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
डा. नविन कुमार श्रेष्ठ
प्रत्येक महिनाको दोस्रो र चौथो शनिबार विहान ११ बजे
पश्चिमाञ्चल क्षेत्रिय अस्पताल, पोखराका वरिष्ठ सर्जन
डा. शरद बहादुर अधिकारी
(सानो ठुलो अप्रेसन जस्तै पाइल्स, फिस्टुला, हर्निया, एपेन्डिक्स आदि) प्रत्येक दिन बेलुका
२४ सै घण्टा MBBS डाक्टरद्वारा विरामी चेक जाँच | दैनिक भिडियो एक्स रे

तनहुँ खबर राष्ट्रिय दैनिकमा विज्ञापन दिनुपरेमा अथवा नियमित ग्राहक बन्नुपरेमा फोन नं ०६५-४१४३००

TP LINK network pvt. Ltd
Treesoftware Computer
दुलेगौडा



सम्पर्क : ०६५-४१४३९०, ९८५६०६२०६३ र ९८०८८३१०७८
अत्याधुनिक ल्यावमा ग्यारेन्टीका साथ कम्प्युटर, ल्यापटप, प्रिन्टर, सिसि क्यामेरा लगायतका सामाग्री मर्मत गरिनुका साथै उपलब्ध रहेका छन् । गुणस्तरीय र सर्वसुलभ नेट जडान गर्नुपरेमा पनि हामीलाई सम्झनुहोस् ।

'विश्वास तपाईको सेवा हाम्रो'
विगत १८ बर्षदेखी दमौलीको मुटु भोर्लेटार चोकबाट अनवरत सेवा दिँदै तनहुँवासीको मन जित्न सफल एक मात्र दाँत, मुख, तथा गिजा सम्बन्धी उपचार केन्द्र ढोरबाराही डेन्टल केयर सेन्टर मा आफ्नो दाँत मुख तथा गिजा सम्बन्धी रोगको उपचार गरि समय र पैसाको बचत गरौं ।
हाम्रो सेवाहरु :
अत्याधुनिक मेसिनबाट दाँत सफा गर्ने,
मुखमा ग्यारेन्टीका साथ चपाउन मिल्ने गरि पुरै वा १/२ वटा फिक्स दाँत राख्ने,
भर्ति हुने युवाहरुलाई ग्यारेन्टीका साथ फिक्स दाँत राख्ने वा नचिनिने गरि भर्ने दाँतको X-RAY सेवा
मुखमा आउने घाउ खटिराको उपचार
बच्चाबच्चिहरुलाई म्याजिक विधि अप्नाएर नदुखाई दाँत निकाल्ने,
नमिलेको दाँतहरु पुरानो विधि तथा नयाँ विधि मार्फत तार लगाएर मिलाउने
पुनश्च, अफिस समय : विहान ८ बजेदेखी बेलुका ६ बजेसम्म, शनिबार केन्द्र बन्द रहनेछ ।
सम्पर्क
ढोरबाराही डेन्टल केयर सेन्टर
व्यास-४ भोर्लेटार चोक दमौली
सम्पर्क : ९८४६०६५१०२ र ९८४६६४७०४८०

# ढडेलो नियन्त्रण गर्न उपभोक्तालाई तालिम



**तनहुँ खबर संबाददाता**

**चैत ९, खैरेनी ।**

हिउँद लागेसँगै आगलागिको जोखिम बढ्ने खतरालाई मध्येनगर गरि डिभिजन बन कार्यालय तनहुँले सचेतना मुकलका कार्यक्रमहरू गर्दै आएको छ । जिल्लाभित्र रहेको सामुदायिक बन उपभोक्ता समितीका पदाधिकारीहरूलाई सव डिभिजन कार्यालय मार्फत गोष्ठी सहितका कार्यक्रमहरू हुदै आएका छन् ।

सोमबार शुक्लागण्डकी नगरपालिका अन्तर्गत रहेका सामुदायिक बन उपभोक्ता समितिका पदाधिकारीहरूलाई बनमा लाग्ने डढेलो नियन्त्रणका लागि अपनाउनुपर्ने पुर्वतयारीका विषयमा जानकारी दिइएको छ । बनमा आगोलागि भएको खण्डमा आगो निभाउनका लागि परिचालन गरिने उद्धार समुहरूको समेत गठन गर्ने उदेश्यले आयोजना गरिएको कार्यक्रममा डिभिजन बन कार्यालय तनहुँका सुचना अधिकार सहायक बन अधिकृति काशिराज पण्डितले सचेत हुन आवश्यक रहेको जानकारी दिए । उपभोक्ताहरूको साना कमजोरीहरूले समेत आगालागिका घटना हुन सक्ने भएका डढेलो नियन्त्रणका लागि जानकार हुनुआवश्यक रहेको पण्डितले बताए ।

कार्यक्रममा सव डिभिजन कार्यालय शुक्लागण्डकी सहायक बन अधिकृत विनय अधिकारीले तनहुँमा सामुदायिक बनहरूको अवस्था, जोखिम र कानुनी ब्यवस्थाको विषयमा सहजीकरण गरेका थिए । सोही कार्यात्रमममा शुक्लागण्डकी नगरपालिका वडा न ५, ६ र ७ का वडाध्यक्षहरू दिर्घबहादुर थापा, कृष्णबहादुर पौडेल र रामबहादुर क्षेत्री थापा लगायतले बनमा हुने आगोलागि र जंगली जनावरहरूको खतरालाई रोक्न आवश्यक योजना निर्माण गरिने प्रतिवद्धता ब्यक्त गरे । उनीहरूले पर्यावरण संरक्षणका लागि वडा अन्तर्गतरहेको सामुदायिक बनमा पोखरी निर्माण गरिरहेको बताउदै बन कार्यालय र स्थानीय तह बीचको समन्वय प्रभावकारी हुन नसकेको गुनासो गरे ।

# पाउरोटी उद्योगहरु प्रक्रिया विपरित सञ्चालनमा



**तनहुँ खबर संवाददाता**

**चैत्र ९ खैरेनीटार ।**

शुक्लागण्डकी नगरपालिकाका विभिन्न स्थानमा सञ्चालनमा रहेको अधिकाँश पाउरोटी उद्योगहरू प्रक्रिया पुरा नगरि चलाइएको पाइएको छ । शुक्रबार जिल्ला प्रशासन कार्यालय तनहुँले गरेको अनुगमनमा यहाँका पाउरोटी उद्योगहरूले गुणस्तर कायम नगर्नुका साथै दर्ता प्रक्रिया समेत पुरा गरेको भेटिएको हो ।

अनुगमनका क्रममा उद्योगले अनुज्ञापत्र विना उत्पादन गरिरहेको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकरी दिए । उनले अनुगमनका क्रममा दर्ता भएको उद्योगका नाम भन्दा अन्य नाम चलेका उद्योगको नाम राखेर पाउरोटी बजारमा पठाउने गरेको समेत बताए ।

सोमबार शुक्लागण्डकी नगरपालिका भित्र सञ्चालित उद्योगहरू विरूद्ध उपभोक्ताहरूले गुनासो गरेपछि अनुगमन गरिएको थियो ।

उद्योगहरूमा कच्चा पदार्थ र उत्पादनमा लेभल नराखेको, सरसफाई नभएको, म्याद नाघेका र ननाघेका एकै ठाउँमा राखिएको, आजको उत्पादनमा भोलीको मिति राखिएको, भण्डारण व्यवस्थित नभएको, खरिद र विक्रि बिल नभएको, वोर्ड नराखेको पाइएको बरालले बताए ।

सोमवार भएको अनुगमनका उद्योगका सञ्चालकले भारतीय नागरिकलाई उद्योग सञ्चालनको लागि जिम्मा दिएको पाइएको छ । उद्योगका सञ्चालकहरूलाई मंगलवार जिल्ला प्रशासन कार्यालय बोलाईको उनले जानकारी दिए । उनीहरूलाई कानुन अनुसार कार्वाही गरिने उनको भनाई छ ।

प्रिती बेकरी उद्योग, कृष्ण पाउरोटी उद्योग, सुर्य पाउरोटी उद्योग, आर्मान हर्मन पाउरोटी उद्योगमा अनुगमन गरिएको हो । अनुगमनमा इलाका प्रहरी कार्यालयका प्रतिनीधी, घरेलु तथा साना उद्योग कार्यालय, शुक्लागण्डकी नगरपालिका, शुक्लागण्डकी उद्योग वाणिज्य संघका प्रतिनिधी, पत्रकार लगायतको उपस्थिति रहेको थियो ।

# तनहुँ जलविद्युतको बाँध निर्माणका........................

**पृष्ठ नं. ३ बाट क्रमश**..........पश्चात सारभूत रूपमा प्रभावग्राही दुई वटा बोलपत्रदाताहरूको आर्थिक बोलपत्र खोलिएको थियो ।

आर्थिक बोलपत्रहरूको मूल्याङ्कन पश्चात न्यूनतम मूल्याप्रति सारभूत रूपमा प्रभावग्राही सोङ्ग दा-कालिका जे.भी.को बोलपत्र स्वीकृत गरी खरीद सम्झौता गरिएको हो । आयोजनाको सुरूङ, विद्युत गृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालन लगायतका दोस्रो प्याकेजको निर्माण कार्य जारी छ ।

ठेकेदार कम्पनीले केबुल सुरूङ्ग खन्ने कार्य सम्पन्न गरी भूमिगत विद्युत गृह खन्ने कार्यहरूको अतिरिक्त सर्च ट्यांकतर्फको पहुँच सुरूङ्ग र बाँधतर्फ जाने सेती नदीको दायाँतर्फको पहुँच सुरूङ्गको निर्माण कार्य गरिरहेको छ ।

आयोजनाको तेस्रो प्याकेज अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म २२० केभीको डबल सर्किट प्रसारण लाइन निर्माण कार्य भइरहेको छ ।

कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कुल लागत (प्रसारण लाइन, ग्रामिण विद्युतीकरण तथा निर्माण अवधिको ब्याज समेत) ५० करोड ५० लाख अमेरिकी डलरको लागि एडीबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले ८ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत प्राधिकरणले ८ करोड ६० लाख डलर व्यहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ ।

# परम्परागत घुमाउने घर........

**पृष्ठ नं. १ बाट क्रमश**.......घरलाई जोगाउन सकिएको छैन" दरैले भने ।

पर्यटकलाई देखाउन र परम्परागत घरको संरक्षण गर्न दरै गाउँमा एक घुमाउने घरलाई संरक्षण गरि राखिएको व्यास नगरपालिका-१० दरैगाउँ, दुम्सीका मानबहादुर दरैले जानकारी दिए । उनले होमस्टेपनि सञ्चालन गरेका छन् । होमस्टेमा आउने पाहुनालाई घुमाउने घरमा बस्ने व्यवस्था मिलाएको र पाहुनाहरू रमाउने गरेको उनले बताए

केही वर्षअघिसम्म दरै जातिका अधिकांश घुमाउने घर भएपनि अहिले सबैले ती घर भत्काएर फरक प्रकृतिका बनाउन थालेकाले घुमाउने घरहरूको मौलिकता हराएको स्थानीयहरूले बताउने गरेका छन् ।

## बन्दीपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बन्दीपुर ,तनहुँ, गण्डकी प्रदेश**
**२०७३**

## सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सुचना

**प्रकाशित मिति :-२०७७/१२/१०**

**यस बन्दीपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,बन्दीपुर तनहुँको मिति २०७७/११/२३ मा नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित तपसिल निर्माण कार्यहरुको लागि पर्न आएका सिलबन्दी दरभाउपत्रहरुको मुल्यांकन गर्दा देहायको दरभाउपत्र न्यूनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भएको पाईएकाले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सार्बजनिक खरिद नियमवाली २०६४ को नियम ८० को उपनियम (६) बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| क.सं. | ठेक्का नं. | निर्माण कार्यको विवरण | न्यूनतम मुल्यांकित सारभूत रूपमा प्रभावग्राही बोलपत्रदाता | कबोल रकम (भ्याट र PS सहित ) |
|---|---|---|---|---|
| १ | BRM/BLDG 07/2077/078 | Construction of 3 Room Truss Building Works at Tribhuvan Praa.Vi,Bandipur-05 | Kusum Construction, Bhanu-01,Tanahun | Nrs14,39,179.37 |

..................................

**प्रमुख प्रशासकीय अधिकृत**

प्रो. सुमन श्रेष्ठ सम्पर्क : ९८५६०११३२३, ९८२४११६४८५

पोखरा मोडर्न बेकरी

शुक्लागण्डकी-४,दुलेगौडा (सेवा कम्प्लेक्स)



तपाईहरुले खोजेकै डिजाइनमा केक तयार पारिनुका साथै होमडेलिभेरी पनि गरिन्छ । साथै हामीकहाँ ब्राउन ब्रेड, ह्वाइट ब्रेड लगायत बेकरी सम्वन्धि सम्पुर्ण आइटमहरु उपलब्ध छन् । फरक स्वाद र अनुभवका लागि एक पटक अवश्य आउनुहोस् ।



स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद

मेयर कप-२०७७

गण्डकी प्रदेश अन्तर्गतका

पालिकास्तरीय पुरुष भलिबल प्रतियोगिता

मिति : २०७७ चैत्र १३ गतेदेखि १५ गतेसम्म

स्थान : गाउँफर्कोदय मा.वि. खेलमैदान, शुक्लागण्डकी-८, तनहुँ

प्रथम पुरस्कार : नगद रू. १,५०,०००/- (शिल्ड, मेडल, प्रमाणपत्र)
द्वितीय पुरस्कार : नगद रू. १,००,०००/- (शिल्ड, मेडल, प्रमाणपत्र)
तृतीय पुरस्कार : नगद रू. ५०,०००/- (शिल्ड, मेडल, प्रमाणपत्र)
सान्त्वना पुरस्कार : नगद रू. २५,०००/- (प्रमाणपत्र)
उत्कृष्ट खेलाडी : नगद रू. १०,०००/-
उत्कृष्ट विधा : वेष्ट स्पाइकर, सेन्टर सर्वर, ब्लकर, डिफेन्डर - नगद रु. ५,०००/-

टिम दर्ता अवधि : २०७७ चैत्र ८ देखि चैत्र ११ सम्म

टिम दर्ता शुल्क रू. ५०००/-

सम्पर्क नं.: ०६५-४१४३०५, ९८४६१३४०७९, ९८५६०८१००५, ९८०३२९२३६९, ९८२३४१६१३९

आयोजकः शुक्लागण्डकी नगरपालिका दुलेगौडा, तनहुँ

प्रो :दुर्गा बराइली

दुर्गा ब्लक उद्योग

शुक्लागण्डकी २ कोत्रे नर्सरी तनहुँ

सम्पर्क : ९८५६०४२५५२, ९८२३४२०३९८



गुणस्तरीय कंक्रिट सामानहरुबाट विभिन्न प्रकारका ब्लक, सोलिड ब्लक आवश्यक परेमा सम्झनुहोस् । साथै ढुँगा, बालुवा, घर निर्माणका लागि आवश्यक क्रसरका सामाग्री चाहिएमा पनि सम्झन सक्नुहुनेछ ।

प्रो. सुरेन्द्र तामाङ ९८५६०६२१६०, ९८०२८२०२७४, ९८१६६५०१६०

तामाङ ब्लक उद्योग तथा निर्माण सामग्री सप्लायर्स

शुक्लागण्डकी-२, तनहुँ



अत्याधुनीक प्रविधिबाट उत्पादन गरिएको सस्तो गुणस्तरीय तथा भरपर्दो विभिन्न साईजका ब्लकहरु तथा ढुङ्गा, गिट्टि, बालुवा, ईट्टा चाहिएमा हामीलाई सम्झनुहोस ।

नोट : सिमेन्टबाट बनेको चौकोस र त्रिकोस पनि सुपथ मुल्यमा पाईन्छ ।

प्रकाशकः शुक्लागण्डकी मिडिया प्रा.लि., अध्यक्ष : तिर्थराज खनाल, सम्पादक:सरीता पुरी, कार्यकारी सम्पादक : रामशरण नेपाली, व्यवस्थापक : अशोक बिश्वकर्मा, कम्प्यूटर ले-आउट : हरि खरेल
कार्यालयः शुक्लागण्डकी-४, दुलेगौँडा, जि.प्र.का द.नं.: ०३/०७१/०७२, सम्पर्कः ०६५-४१४३००, Email: tanahunkhabardaily@gmail .com, मुद्रणः क्याशमिरी अफसेट प्रेस, दमौली । web : www .tanahunkhabar .com .np